बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या:१२/२०८२/८३

चलानी नम्बर: ४०५

मितिः २०८२/०६/३१

**विषयः आ.व. २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी थप मार्गदर्शन।**

प्रिय सहकारीज्यू,

आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि यस मन्त्रायलको चलानी नम्बर ५९, मिति २०८२/०४/०८ मा जारी भएको बजेट खर्च गर्ने अख्तियारी र मार्गदर्शन प्राप्त भएकै छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०६/०५ को निर्णय, बागमती प्रदेश सरकार मन्त्रिपरिषद्बाट २०८२/०६/०३ को बजेट तथा कार्यक्रमको अध्ययन तथा पुनरावलोकन गर्ने स्वीकृति, आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१/०६/२८ गतेको (मा. मन्त्रिस्तर) को निर्णय तथा प्रदेश विनियोजन ऐन, २०८२, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, ऐ. नियमावली, २०७७ र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा नियमावली, २०७६ बमोजिम वर्तमान विशिष्ट अवस्थाको कारण सिर्जना भएको स्रोत व्यवस्थापनलाई सम्बोधन गर्न पूर्ववत मार्गदर्शनका अतिरिक्त देहाय बमोजिम कार्यान्वयन गर्ने गराउने गरी यो थप मार्गदर्शन जारी गरेको छु।

(१) विगतमा स्रोत सहमति लिई निर्माणाधीन रहेका आयोजनालाई स्रोत कमी हुंन नदिनको लागि आवश्यक रकम सम्बन्धी विवरण १५ दिनभित्र यस मन्त्रालयमा पठाउनु हुनेछ।

(२) प्रदेश सरकारका विभिन्न मन्त्रालय अन्तर्गत पुँजीगत खर्चमा विनियोजित रकम मध्ये प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा नयाँ प्रविष्टि भएका तर पूर्व तयारी नभएका र दोहोरो प्रविष्टि भएका कम महत्वका स-साना आयोजना/कार्यक्रमहरू प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ बमोजिम रोक्का राखे र सोको विवरण यस मन्त्रालयमा पठाउनु हुनेछ।

(३) तहाँ मन्त्रालय अन्तर्गत रहेका बजेट शीर्षकमा बजेट विनियोजन भएको तर उद्देश्यभन्दा बाहिरका र कम महत्वका क्षेत्रमा रहेको भए बजेट विनियोजनलाई रोक्का राखी सोको विवरण यस मन्त्रालयमा पठाउनु हुनेछ।

(४) रोक्का प्रस्ताव गरिएका बजेट उपशीर्षकमा रहेका क्रियाकलापहरूमा अघिल्लो आर्थिक वर्षमा दायित्व सिर्जना भएको तर भुक्तानी दिन बाँकी रहेको भए फरफाराक गर्ने हदसम्मको लागि उक्त कार्यक्रमको विवरण यस मन्त्रालयमा पठाइ निकासा अनुसार गर्नु हुनेछ।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या:१२/२०८२/८३

चलानी नम्बर :

मिति: २०८२/०६/३१

(५) प्रादेशिक प्राथमिकताका, स्रोत सहमति दिइएका तथा क्रमागत आयोजनामा दायित्व सिर्जना भएको वा चालु आर्थिक वर्षमा दायित्व सिर्जना हुने तर न्यून विनियोजन भएको भए रोक्का रहेको उपशीर्षकबाट रकमान्तरको अद्यावधिकको लागि यस मन्त्रालयमा पेश गर्नु हुनेछ।

(६) विगतमा प्रचलित कानून बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन पर्याप्त रकम विनियोजन नभएको कारण बजेट अपुग भए सोको विवरण १५ दिनभित्र यस मन्त्रालयमा पठाउनु हुनेछ।

(७) रोक्का रहेका आयोजनाहरूमध्ये २०८२ असोज २ गतेसम्म खरिद सम्झौता भई दायित्व सिर्जना भइसकेको वा खरिद प्रक्रिया अन्तिम चरणमा रहेको भए सोको पुष्टयाईं सहित फुकुवाको लागि यस मन्त्रालयमा पठाउनु हुनेछ।

(८) सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउनु हुनेछ। कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले-आउट व्यवस्थापन गर्नु हुनेछ।

(९) प्रदेश सरकारबाट सञ्चालन हुने, प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने रू. १० लाखभन्दा बढीका आयोजनाहरू प्रतिस्पर्धात्मक सार्वजनिक खरिद प्रक्रिया अबलम्वन गरी कार्यान्वयन गर्नु/गराउनु हुनेछ। आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउन पाइने छैन।

(१०) निर्माण कार्यमा कन्टिन्जेन्सी रकम अधिकतम २ प्रतिशतसम्म हुने गरी मात्र कार्यान्वयन गर्ने/गराउने व्यवस्था गर्नु हुनेछ। कन्टिन्जेन्सी रकम खर्च गर्दा यस मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नु हुनेछ।

(११) चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका चालु तर्फका नयाँ क्रियाकलाप/कार्यक्रमको कार्यक्रम सञ्चालन मोडालिटी स्पष्ट नभएको, पूर्व तयारी नभएको, कार्यक्रमको प्रतिफल सुनिश्चित नभएको वा अनुत्पादक कियाकलाप/कार्यक्रममा विनियोजित रकम प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ बमोजिम रोक्का राख्नको लागि सोको जानकारी यस मन्त्रालयमा पठाउनु हुनेछ।

(१२) सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने। तर कानून बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने। सरकारी, आफ्नो वा आफ्नो परिवारको स्वमित्वमा रहेको निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा वापतको रकम लिन पाइने छैन।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः१२/२०८२/८३

चलानी नम्बर:

मितिः २०८२/०६/३१

(१३) विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न/गराउन पाइने छैन। विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउने जस्ता कामका लागि सेवा, परामर्श लिन पाइने छैन। विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था हो भनी सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएर मात्र पुँजीगत अनुसन्धान तथा परामर्शका लागि खर्च गर्नु हुनेछ।

(१४) पानी, बिजुली र सञ्चार महसुल वापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी ढंगले खर्च गर्नुहुनेछ। कार्यालयमा आवश्यक नपरेको समयमा बत्ती, एअरकन्डिसन, पंखा जस्ता बिजुली खपत हुने यन्त्र उपकरण चलेको छ कि भनी सम्बन्धित कर्मचारी स्वयंले नियमित चेक गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी कार्यालयको लागि न्यूनतम आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर बहालमा लिन पाइने छैन। सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने, घर वहाल लिनु पर्दा अनिवार्य रुपमा बीमा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(१५) पदाधिकारी तथा कर्मचारीहरूमा सवारी साधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाइकल जस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्नुपर्नेछ। जेनजी आन्दोलनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट क्षति भएका कार्यालयहरूलाई आवश्यक पर्ने भवन, टेबल, कुर्सी, दराज, सोफा लगायतका कार्यालय सामान, मेशिन उपकरण, फर्निचर जस्ता सामग्री नजिकको कार्यालयमा भएकोबाट हस्तान्तरण गराई उपयोग गर्नुपर्नेछ। यसरी हस्तान्तरण भएको सामानको हस्तान्तरण कार्यालय प्रमुख तहको निर्णयबाट नै हुनेछ। सरकारी भौतिक संरचनाको अनिवार्य बीमा गर्ने आवश्यक व्यवस्था मिलाउनु हुनेछ।

(१६) अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्ति बाहेक थप दरबन्दी सिर्जना गर्न पाइने छैन। विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिनु पर्नेछ।

- संघ र स्थानीय तहसँगको कार्य जिम्मेवारीमा दोहोरोपना हुने गरी नयाँ संरचना सिर्जना गर्न पाइने छैन र हाल दोहोरो परेका संरचना खारेज गर्न आवश्यक व्यवस्था मिलाउनु हुनेछ,
- प्रदेश सरकारबाट O& Mसर्वेक्षण कार्य भैरहेको हुँदा नयाँ जनशक्ति माग गर्नु हुनेछैन।
- स्वीकृत दरवन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने गरी आवश्यक व्यवस्था मिलाउनु हुनेछ।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः१२/२०८२/८३

चलानी नम्बर:

मितिः २०८२/०६/३१

(१७) सवारी साधन क्षति भएका मन्त्रालय तथा कार्यालयले आफ्नो मातहतका विभाग, निकाय वा कार्यालयहरूमा भएका सवारी साधनबाटै सकेसम्म आवश्यक व्यवस्था मिलाउनु हुनेछ।

- राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सुविधाका लागि नयाँ सवारी साधन खरिद नगरी उपलब्ध सवारी साधनबाटै सकेसम्म व्यवस्थापन गर्नु हुनेछ।
- सरकारी सवारी साधनको पूर्ण (कम्प्रिहेन्सिभ) निर्जीवन बीमा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(१८) महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्रीहरू खरिद नगर्ने गरी यथा सम्भव व्यवस्था मिलाउनु हुनेछ।

(१९) अन्तिम लेखा परीक्षणबाट असुल उपर गर्ने भनी तोकिएको बेरुजु तुरुन्त असुल उपर गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

(२०) विभिन्न बजेट शीर्षक/उपशीर्षकमा विनियोजित कार्यक्रम नियमानुसारको प्रक्रिया पूरा गरी खर्च भइसकेपछि बचत रकम पुनः कुनै पनि नाममा खर्च गर्न पाइने छैन। यसरी खर्च भएको पाइएमा कानुनको गम्भीर उल्लङ्घन भएको मानिने हुँदा कडाइका साथ पालना गर्नु/गराउनु हुनेछ।

(२१) स्रोत सहमति बेगर कुनैपनि आयोजना/कार्यक्रम कार्यान्वयन गर्न/गराउनु हुनेछैन र सोको कुनै पनि जवाफदेहिता यस मन्त्रालयको हुनेछैन।

(२२) मन्त्रालय/निकाय/आयोगका कार्यक्षेत्राधिकार बमोजिमका कार्यक्रमहरू सम्बन्धित मन्त्रालय/निकाय/आयोगमा स्थानन्तरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(२३) मन्त्रालय/निकाय/आयोगमा अबण्डा (एकमुष्ट) शीर्षकमा बजेट रहेको भएमा चालु आर्थिक वर्षमा कार्यान्वयन नगर्ने। आकस्मिक प्रयोजन, महामारी नियन्त्रण, राहत वितरण र यस्तै प्रयोजनको लागि विनियोजन भएको भए पूर्ववत रुपमा नै नियमानुसार कार्यान्वयन गर्नु नै हुनेछ।

(२४) एकपटकभन्दा धेरै पटक दोहोरिएका उही आयोजनाहरूको हकमा सबैभन्दा बढी विनियोजित रकम भएको एउटा क्रियाकलाप मात्र कार्यान्वयन गरी अरु क्रियाकलापहरु कार्यान्वयन नगर्नु/नगराउनु हुनेछ।

(२५) बहुवर्षीय/क्रमागत आयोजनाको प्रगति पुनरावलोकन गरी/गराई प्रतिवेदन गर्नु हुनेछ।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेलः moeap3@gmail.com,

वेबसाइटः moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या:१२/२०८२/८३
चलानी नम्बर:

मितिः २०८२/०६/३१

(२६) उपकरण तथा सामग्री खरिद गर्दा अघिल्ला आर्थिक वर्षहरूमा कतिवटा खरिद भएका, चलाउने जनशक्ति भए नभएको, खरिदको औचित्यता जस्ता पक्षको पुनरावलोकन गरी सहमति प्रदान गर्न सकिने भएकोले सोही बमोजिम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

(२७) स्वीकृत दरबन्दीमा करार गरिएका तर कामको औचित्य पुष्टि हुन नसकेका करार कर्मचारीको करारनामा रद्द गर्नु हुनेछ।

(२८) यस मन्त्रालयको च.नं. ३५२, मिति २०८२/०६/२१ को पत्रबाट १० लाख रुपैयाँभन्दा बढी रकम विनियोजन भएका आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउन पत्राचार भएकोमा मिति २०८२/०६/३१ गतेसम्म नियमानुसार खरिद प्रक्रिया शुरु भइसकेको भए सोको प्रमाणित प्रति यस मन्त्रालयमा पठाउनु हुनेछ।

(२९) अर्ध वार्षिक अवधि सम्पन्न भइसकेपछि बजेटको मध्यावधि मूल्याङ्कन गरी आकार घटाउनु पर्ने अवस्था रहेकोले सोही बमोजिम तयारी गर्नुहुनेछ।

(३०) अन्य विषय प्रदेश विनियोजन ऐन, २०८२ र यस अघि जारी भएको मार्गदर्शन बमोजिम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

(झलकराम अधिकारी)
प्रदेश सचिव

श्री सचिव,
सबै मन्त्रालय/आयोग/सचिवालय, बागमती प्रदेश।

**बोधार्थः**
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np